# क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.: २०८०।०८१
च.नं.:

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनपरियोजनाको लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा (रेमी) एकीकरण सूचना**

**दोश्रो पटक प्रकाशित सुचना**

**२०८०।०७।०१**

बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना नेपाल सरकार र स्वीस सरकार वीचको द्विपक्षीय ~~रि~~ सम्झौता अन्तर्गत सञ्चालित छ । यस रेमी परियोजना अन्तर्गत क्षीरेश्वरनाथ नगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनएकीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपालीनागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ दिनभित्र माग बमोजिमका विवरण ~~(पन्ध्र)~~ अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | १/२०८०।०८१ | परिवारिक परामर्शकर्ता | छैठौं | १ (एक) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिकहेल्थ, बि.एस.सी.नर्सिङ्ग, बि.एड.स्वा स्वास्थ्य शिक्षामा स्नातक तह उत्तीर्ण गरेको<br>• वा पोष्ट ग्रेजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरि मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको।<br>• सम्बन्धित विषयमा कार्य अनुभव भएको , स्थानीय भाषामा दखल भएको, कम्प्युटर सम्बन्धी ज्ञान भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | २/२०८०।०८१ | रोजगार परामर्शकता | छैठौं | १ (एक) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरी व्यावसायिक परामर्श कार्य/रोजगार प्रवर्द्धन कार्य गरेको<br>• वा स्नातक तह उत्तीर्ण गरि उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको<br>• वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको , कम्प्युटर सम्बन्धी ज्ञान भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ। |
| ३ | ३/२०८०।०८१ | सामाजिक परिचालक | पांच | २ (१ महिला अनिवार्य) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तीर्ण गरेको<br>• वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको , कम्प्युटर सम्बन्धी ज्ञान भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ। |

शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत

# क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.: २०८०।०८१
च.नं.:

१- **कार्य अवधि** : हाललाई आव २०८०/०८१ परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ ।

**2- परीक्षाको किसिम** :लिखित, अन्तर्वार्ता । छनौट परिक्षामासुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन।

**3- आवश्यक कगजातहरु र दरखास्त दिने स्थान:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरीकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क नम्बर सहितको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साइजको ३ प्रति फोटो आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित क्षीरेश्वरनाथ नगरपालिकाको कार्यालयमा कार्यालयको समय भित्र पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

४- उमेर हद:

**-परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ताको हकमा** :- दरखास्त दिने अन्तिम मिति सम्मा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्षा पुरा भई ४० वर्ष ननाघेको हुन पर्ने ।

**- समाजिक परिचालकको हकमा** :- दरखास्त दिने अन्तिम मिति सम्ममा१८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुन पर्ने ।

(१) परीक्षा दस्तुर

**-परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ताको** हकमा :- १०००/- (एक हजार मात्र) ।

**- समाजिक परिचालकको हकमा** :- ५००/- (पाँच सय मात्र)

(परीक्षा वापतको दस्तुर यस नगरपालिकाको प्रशासन शाखाबाट आवश्यक कागजात रुजु गराए पश्चात यस नगरपालिकाको राजश्व शाखाबाट दस्तुर बुझाउनु पर्ने छ ।)

(२) **छनौट प्रक्रिया** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र : लिखित र अन्तर्वार्ता परिक्षामा समावेश गरिनेछ । अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरीमहिला , दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समवेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ ।

(३) **दरखास्त दिने अन्तिम मिति** :२०८०।०७।१५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

(४) **दरखास्त फारम पाउने स्थान: क्षीरेश्वरनाथ नगरपालिकाको प्रशासन** शाखा ।

(९) **तलब तथा अन्य सुविधा** परियोजनाको नियम अनुसार : हुनेछ ।

..............................
शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत

शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत